# आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०७४

## प्रस्तावना

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७० बमोजिम पाँचपोखरी थाङ्पाल गाउँपालिकाको स्थानीय संचित कोषबाट केहि रकम विनियोवन गरि आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि यस गाउँ कार्यपालिकाले गाउँपालिकाको अधिकार क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एक आर्थिक सहायता कोष वाञ्छनिय भएकोले स्थापना गरिएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ रहेको छ ।

१.२ यो कार्यविधि गाउँकार्यपालिका बाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. “कार्यविधि” भन्नाले आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ भन्ने बुझ्नुपर्छ ।

ख. "कोष" भन्नाले आर्थिक कोष भन्ने बुझ्नुपर्छ ।

ग. "कार्यपालिका" भन्नाले गाउँकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

घ. "आर्थिक सहायता" भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागि, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायत मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर जस्ता दीर्घरोग बाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आकस्मिक कार्यलाई बुझ्नुपर्छ ।

## ३. कोष स्थापना

३.१ आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

३.२ यस कोषको नाम पाँचपोखरी थाङ्पाल गाउँपालिका आर्थिक सहायता कोष रहने छ ।

## ४. आर्थिक सहायता कोषमा जम्मा गरिएको रकम

४.१ गाउँपालिकाको संचित कोषबाट गाउँसभाबाट बिनियोजित रकम आर्थिक सहायता कोषमा जम्मा गरिने छ ।

# परिच्छेद २

# कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

## ५. अवधारणा

पाँचपोखरी थाङ्पाल गाउँपालिकामा हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृर्जित विपदबाट प्रभावित व्यक्ति परिवार तथा संघ

संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशीत घटनामा पनि अङ्ग भङ्ग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ ।

## ६. लक्ष्य

प्राकृतिक तथा मानव सृर्जित विपदको प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अङ्ग भङ्ग भएकाहरुलाई तत्काल राहत सहयोग पुऱ्याउन र अप्रत्याशीत स्थितिमा गरिने कार्यहरु गरि मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

## ७. उद्देश्य

७.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

७.२ आकस्मिक वा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

## ८. नीति

८.१ विपद पिडितहरुलाई तत्काल राहत उपलब्ध गराई पुनःस्थापना तर्फ उन्मुख गराउने,

८.२ गाउँपालिकाको कार्यक्षेत्र भित्र भईपरी आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

८.३ स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परी अङ्ग भङ्ग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३

## कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

**९. कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था**

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तीको लागी पाँचपोखरी थाङ्पाल गाउँपालिका गाउँकार्यपालिकाले स्वयम् व्यवस्थापन गर्नेछ ।

९.२ गाउँकार्यपालिकाको कार्यालयमा प्राप्त भएका निवेदन उपर कारवाहीका लागि देहाय बमोजिम कागजातका आधारमा (अवस्था हेरी) रु ६०,०००।- अक्षरुपी साठी हजार रुपैयाँ/- सम्म आर्थिक सहायता प्रदान गरिनेछ ।

(क) निवेदन

(ख) सम्बन्धीत वडा कार्यालयको सिफारिस

(ग) सम्बन्धीत प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन

(घ) क्षतीको फोटो

(ङ) आवश्यक भएमा क्षतीको प्राविधिक मूल्याङ्कन

(च) सम्बन्धीत अस्पतालको सिफारिस पत्र

(छ) विपन्नताको हकमा सम्बन्धीत वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिस पत्र

(ज) अन्य आवश्यक प्रमाणहरु

९.३ बुदा नं ९.२ मा उल्लेखित आर्थिक सहायता माग निवेदनका आधारमा गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतको परामर्शमा बढीमा २०,०००।– ( अक्षरेपी बीस हजार )सम्मको आर्थिक सहायता दिन सक्नेछ । त्यस्तो रकम त्यस पछी बस्ने कार्यपालिकाको बैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

९.४ बिस हजार भन्दा बढी साठ्ठी हजारसम्म आर्थिक सहायता दिदा कार्यपालिकाको बैठकको निर्णय अनुसार हुने छ ।

९.५ बुदा नं. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोषबाट रकम खर्च गर्न सकिने छैन ।

## परिच्छेद ४
## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

### १०. कोषको वित्तिय व्यवस्थापन

१०.१ कोषमा देहायका रकमहरु रहने छन् :

क) गाउँसभा बाट आर्थिक सहायता कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) दातृ निकाय, गैर सरकारी संस्था, संघिय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम ,

**११. कोषको आर्थिक व्यवस्था**

कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

**१२. प्रशासनिक व्यवस्था**

कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउँ कार्यपालिकाको कर्मचारीबाट नै संचालन गरिनेछ ।

## परिच्छेद ५
## विविध

**१३. आर्थिक सहायता कोषको रकम बृद्धि गर्न सक्ने**

गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

**१४. जाँच पास तथा फरफारक**

कोष बाट खर्च भएको रकमको जाँचपास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. कार्यविधिको संशोधन**

यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

## १६. बचाऊ र खारेजी

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

ख) कुनै कारणबाट कोष संचालन हुन नसकेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व गाउँकार्यपालिकाको कार्यालयमा स्वतः सर्नेछ ।

**समाप्त**

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत